# पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारहरूको समीक्षा

**मतिप्रसाद ढकाल**

Department of Vyakaran (Sanskrit Grammar)
Shree Kalika Sanskrit Vidyapeeth, Gaidakot,
Nawalparasi, Nepal

*Submitted : 09 Nov 2025*
*Reviewed : 11 Dec. 2025*
*Accepted : 26 Dec. 2025*

***DOI:*** *10.3126/kdk.v6i1.90151*

***Corresponding Author:***
Mati Prasad Dhakal
***Email:****dhakalmatip@gmail.com*
**Orcid:***https://orcid.org/0009-0005-8228-4186*

*Copyright 2026 © the Author (s) and the Publisher*

**कौमोदकी**
***Kaumodaki***
**Journal of Multidisciplinary Studies**
A Peer-Reviewed, Open Access Journal
**ISSN :**
2822 - 1567 (Print)
2822 - 1583 (Online)
https://www.nepjol.info/index.php/kdk/about

**Published by :**
Research Management Cell
Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**लेखसार :** *पूर्ववर्ती व्याकरणहरूको सिंहावलोकन गर्दै पाणिनीय व्याकरणमा प्रयोग गरिएका प्रत्याहारहरूको परिचय दिएर तिनको वर्गीकरणसँगै प्रयोगस्थलको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको यस लेखमा मुख्यतः प्राथमिक स्रोतका अष्टाध्यायी र व्याकरणमहाभाष्य तथा अंशतः द्वितीयक स्रोतको वैयाकरणसिद्धान्तकौमुदीअन्तर्गतका प्रत्याहारसँग सम्बद्ध सामग्रीको सङ्कलन र विश्लेषणका लागि न्यून मात्रामा ऐतिहासिक अध्ययन पद्धति र अधिक मात्रामा वर्णनात्मक अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । यस लेखमा १४ वटा प्रत्याहारसूत्रसँग सम्बद्ध ४२ वटा वर्णात्मक प्रत्याहारहरूको, प्रत्याहारसूत्रसँग असम्बद्ध पाँचवटा प्रत्ययात्मक प्रत्याहारहरूको र पतञ्जलिद्वारा परिकल्पित प्रत्याहारसूत्रसँग असम्बद्ध छवटा प्रत्ययात्मक प्रत्याहारहरूको अध्ययन गरिएको छ । तीमध्ये प्रत्याहारसूत्रसँग सम्बद्ध एउटा वर्णात्मक चय् प्रत्याहारको प्रयोग एउटा वार्तिकमा मात्रै भएको छ भने अण् आदि ४१ वटा वर्णात्मक प्रत्याहारहरूको साक्षात् रूपमा २५० वटा सूत्रमा र अनुवर्तनका रूपमा १५० वटा सूत्रमा उपयोग गरिएको छ । पाणिनीय व्याकरणमा दुई प्रकारको मात्रै पदसंरचना रहेकाले पदसंरचनालाई व्यवस्थित गर्ने सुप् र तिङ् प्रत्ययका अवान्तर भेदका रूपमा देखिएका सुप्, सुट्, आप्, तिङ् र तङ् पाँचवटा प्रत्ययात्मक प्रत्याहारहरूको प्रत्यक्ष रूपमा ३६ वटा सूत्रमा र अनुवर्तनका रूपमा ११ वटा सूत्रमा प्रयोग गरिएको छ । पतञ्जलिद्वारा परिकल्पित प्रत्याहारसूत्रसँग असम्बद्ध उम्, कृञ्, तृन्, मात्रच्, सङ् र यङ् छवटा प्रत्ययात्मक प्रत्याहारहरूको अध्ययन व्याकरणमहाभाष्यमा मात्रै भएकाले तिनको अन्यत्र परिचर्चा भएको पाइँदैन । समग्र रूपमा पाणिनीय व्याकरणका ४५० वटा सूत्रमा र तीनवटा वार्तिकमा ५३ वटा प्रत्याहारहरूको अध्ययन गरिएको छ ।*

**शब्दकुञ्जी** अनुवर्तन, प्रत्ययात्मक, प्रत्याहार, प्रयोग, वर्णात्मक ।

## विषय प्रवेश

प्रति र आ उपसर्गपूर्वक हृ धातुदेखि घञ् प्रत्यय, धातुका ऋकारको वृद्धि र प्रति उपसर्गका इकारका स्थानमा यणादेश भएर 'प्रत्याहार' शब्द निष्पन्न हुन्छ । प्रत्याहार शब्दले योगदर्शनका क्षेत्रमा बाह्य विषयहरूबाट इन्द्रियहरूलाई खिचेर मनमा विलीन गराउनु भन्ने बुझिन्छ भने व्याकरणका क्षेत्रमा वर्णहरू र प्रत्याहारहरूको समूहलाई सङ्क्षेपीकरण गरेर शास्त्रमा प्रवृत्त गराउने प्रक्रियालाई प्रत्याहार भनेर चिनिन्छ । पाणिनिभन्दा दुईसय वर्षअघि मानिने (मीमांसक, २०५१, पृ. ११०) आचार्य पौष्करसादिका चय् र शर् दुई प्रत्याहारको प्रयोग पाणिनीय व्याकरण (कात्यायन ८।४।४८।३) मा गरिएको छ भने पाणिनिभन्दा दुईसय वर्षपूर्व नै ठानिने (मीमांसक, २०५१, पृ. १४२) आचार्य शान्तनवले फिट्सूत्रअन्तर्गतका २७, ३१, ४२, ४६, ४९ र ६६औँ सूत्रमा अष्, इक्, खय् र हय् चार प्रत्याहारको प्रयोग गरेका थिए, जुन प्रत्याहारहरूमध्ये इक् र खय् दुई प्रत्याहारलाई पाणिनीय व्याकरणमा उपयोग गरिएको छ । त्यस्तै पाणिनिभन्दा एकसय वर्षपूर्व मानिने (मीमांसक, २०५१, पृ. १५५) आपिशलिले भष् प्रत्याहार र 'ञमङणनम्' सूत्रको समेत उपयोग गरेका थिए । त्यसैगरी पूर्ववर्ती व्याकरणका अन्य मान्यतालाई समेत आत्मसात् गर्दै पाणिनीय व्याकरणमा प्रयोग गरिएको प्रत्याहारशैलीका कारण हालसम्म पनि पाणिनीय व्याकरणको स्थान र महत्त्व सर्वोपरि रहँदै आएको छ तापनि हालसम्म पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारहरूका बारेमा पृथक् रूपमा अध्ययन भएको पाइँदैन । हालसम्म भएका पाणिनि, कात्यायन, पतञ्जलि, भट्टोजि दीक्षित आदिका प्रत्याहारसँग सम्बद्ध अध्ययनहरू यत्रतत्र छरिएर रहेको हुँदा पाणिनीय व्याकरणको समग्र प्रत्याहारशैलीसँग परिचित हुन पर्याप्त नदेखिएकाले त्यसको परिपूर्ति गर्नका लागि यो अध्ययन गरिएको हो । प्रत्याहारको संरचना र वर्गीकरणका दृष्टिले पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारहरू के-कस्ता छन् ? पाणिनीय व्याकरणका के-कति सूत्रहरूमा तथा वार्तिकहरूमा प्रत्याहारहरूको साक्षात् रूपमा र अनुवर्तनका रूपमा प्रयोग गरिएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा र तिनको उत्तर खोज्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यो अध्ययन मूलतः पूर्ववर्ती संस्कृत व्याकरणहरूमा सङ्केतात्मक रूपमा पाइने प्रत्याहारसँग सम्बद्ध अध्ययनहरूको सिंहावलोकन गर्दै पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारहरूको अध्ययनमा मात्र सीमित रहेकाले यसमा पाणिनीय व्याकरणभन्दा उत्तरवर्ती संस्कृत व्याकरणहरूमा गरिएका प्रत्याहारसँग सम्बद्ध अध्ययनहरूलाई समेटिएको छैन ।

## अध्ययन विधि

उद्देश्यमूलक नमुना छनौट पद्धतिद्वारा सङ्कलित सामग्रीहरूमध्ये प्राथमिक स्रोतका अष्टाध्यायी र व्याकरणमहाभाष्य तथा द्वितीयक स्रोतको वैयाकरणसिद्धान्तकौमुदीको अंशतः ऐतिहासिक अनुसन्धान पद्धति र मुख्यतः वर्णनात्मक अनुसन्धान पद्धतिका आधारमा विश्लेषण गरी पाणिनीय व्याकरणमा उपयोग गरिएका प्रत्याहारसूत्रसँग सम्बद्ध वर्णात्मक प्रत्याहारहरूको र प्रत्याहारसूत्रसँग असम्बद्ध प्रत्ययात्मक प्रत्याहारहरूको समीक्षण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पाणिनीय व्याकरणभन्दा पूर्ववर्ती संस्कृत व्याकरणहरूमा केही प्रत्याहारको अस्तित्व पाइए पनि मुख्यतः प्रत्याहारशैलीको अवलम्बन गरेर पाणिनीय व्याकरणमा मात्रै प्रत्याहारको व्यवस्थित अध्ययन एवं विश्लेषण गरिएको छ । अइउण् आदि १४ वटा माहेश्वरसूत्रका आधारमा अनेकौँ प्रत्याहारहरूको निर्माण गर्न सकिए पनि पाणिनीय व्याकरणमा उपयोग

गरिएका ४२ वटा वर्णात्मक प्रत्याहारहरूको रचना गरिएको छ । सुबन्त र तिङन्त दुईप्रकारको पदसंरचनामा सीमित रहेको पाणिनीय व्याकरणमा प्रत्याहारसूत्रसँग असम्बद्ध सुप् र तिङ् प्रत्ययमा आधारित पाँचवटा प्रत्ययात्मक प्रत्याहारसहित र चय् प्रत्याहारबाहेक ४६ वटा प्रत्याहारको प्रत्यक्ष र अनुवर्तनका माध्यमले पाणिनीय सूत्रहरूमा उपयोग गरिएको छ भने पतञ्जलिद्वारा परिकल्पना गरिएका ६ वटा प्रत्याहारहरूको कुनै पनि सूत्रको संरचनामा र उत्तरवर्ती सूत्रमा समेत अनुवर्तन भएको छैन भन्ने कुरालाई प्रत्याहार संरचनाको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ ।

## छलफल तथा विश्लेषण

पाणिनीय व्याकरणमा वर्णात्मक प्रत्याहार र प्रत्ययात्मक प्रत्याहार गरी मुख्यतः दुई प्रकारका प्रत्याहारहरूको उपयोग गरिएको छ । ती प्रत्याहारहरूलाई पाणिनीय व्याकरणका प्रत्याहारसूत्रसँग सम्बद्ध वर्णात्मक प्रत्याहार, पाणिनीय व्याकरणका प्रत्याहासूत्रसँग सम्बद्ध प्रत्ययात्मक प्रत्याहार र पतञ्जलिद्वारा परिकल्पित प्रत्ययात्मक प्रत्याहार गरी तीन प्रकारमा विभाजन गरेर पाणिनीय व्याकरणका केकति सूत्रहरू तथा वार्तिकमा तिनको साक्षात् प्रयोग र अनुवर्तन भएको छ भन्ने बारेमा विश्लेषण गरी समग्र प्रत्याहारहरूको समीक्षात्मक निष्कर्ष प्रस्तुत गरिएको छ ।

### *प्रत्याहारसूत्रमा अवरोह क्रमले वर्णहरूको उपदेश*

पाणिनिभन्दा पहिला प्रत्याहारको अस्तित्व भेटिएको भए पनि पाणिनिले नै सर्वप्रथम १४ वटा माहेश्वरसूत्र वा प्रत्याहारसूत्रका माध्यमले पाणिनीय व्याकरणका समग्र मान्यताहरूलाई क्रमिक रूपमा व्यवस्थित गरेका हुन् । जुन १४ वटा प्रत्याहारसूत्र यसप्रकार छन् : १. अइउण्, २. ऋलृक्, ३. एओङ्, ४. ऐऔच्, ५. हयवरट्, ६. लण्, ७. ञमङणनम्, ८. झभञ्, ९. घढधष्, १०. जबगडदश्, ११. खफछठथचटतव्, १२. कपय्, १३. शषसर्, १४. हल् । यी १४ वटा सूत्रमा नै संस्कृतको वर्णमाला आश्रित छ । महेश्वरका वरप्रसादस्वरूप प्राप्त भएकाले यी सूत्रलाई माहेश्वरसूत्र वा शिवसूत्र भनिएको हो भने यिनै सूत्रका आधारमा अण् आदि विभिन्न ४२ वटा प्रत्याहारको निर्माण गर्न सकिने भएकाले यिनलाई प्रत्याहारसूत्र भन्ने गरिएको हो । हामीले संस्कृत र नेपाली भाषामा पढ्दै र बुझ्दै आएको वर्णमालामा क, ख, ग, घ, ङ आदि वर्णहरू क्रमशः आरोहक्रम (वर्गका १, २, ३, ४ र ५) ले राखिएका पाइन्छन् भने यी प्रत्याहारसूत्रमा स्वरवर्ण आरोहक्रमले निर्धारण गरिएका भए पनि व्यञ्जनवर्णहरू ञ, म, ङ, ण, न, झ, भ, घ, ढ, ध आदि अवरोहक्रम (वर्गको ५, ४, ३, २ र १) ले समावेश गरिएका देखिन्छन् । स्वरवर्णको निर्धारणमा क्रमशः ह्रस्व स्वर (अ, इ, उ र ऋ), दीर्घ स्वर वा सन्ध्यक्षर (ए, ओ, ऐ र औ), अर्धस्वर वा अन्तःस्थ (य, व, र एवं ल), नासिक्य (ञ, म, ङ, ण र न) घोष महाप्राण (झ, भ, घ, ढ र ध) घोष अल्पप्राण (ज, ब, ग, ड र द), अघोष महाप्राण (ख, फ, छ, ठ र थ) अघोष अल्पप्राण (क, च, ट, त र प) र ऊष्म (श, ष, स र ह) वर्णको आधारमा गरिएको छ । पाणनीय व्याकरणका सूत्रहरूलाई र कात्यायनका वार्तिकलाई समेत छोट्याएर रचना गर्न यिनै प्रत्याहारसूत्रले सघाएको हुँदा पाणिनीय व्याकरणमा प्रत्याहारसूत्रहरूको विशेष महत्त्व रहेको छ ।

### *पाणिनीय वर्णसमाम्नाय र वर्णमालामा पार्थक्य*

आम्नाय भन्नाले वेदलाई र गुरुपरम्पराबाट आएको उपदेश बुझिन्छ (गौतम, २०६९, पृ. २७) । वर्णहरूलाई सम्यक् रूपमा उपदेश गरिएको हुँदा पाणिनीय व्याकरणमा प्रत्याहारसूत्रलाई वर्णसमाम्नाय भनेर चिनिन्छ । पाणिनीय शिक्षा (श्लोक ५७)

मा वर्णसमाम्नायलाई नै अक्षरसमाम्नाय भनेर चिनाइएको छ। अकारादि हकारान्त वर्णको क्रमलाई वर्णमाला भनिन्छ (गौतम, २०६९, पृ. २९५)। व्याकरणमहाभाष्यमा उल्लेख गरिएको "किमर्थो वर्णानामुपदेशः ?" (शास्त्री, २००४, पृ. ८०) यस प्रश्नका आधारमा प्राचीन परम्परामा वर्णलाई 'वर्णमातृका' भनेर चिनिन्थ्यो। वर्णसमाम्नायभन्दा वर्णमातृका वा वर्णमाला प्राचीन मानिन्छ। संस्कृत भाषाको वर्णमालामा दीर्घ स्वर, अनुस्वार र विसर्गलाई समेत समावेश गरेर अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, लृ, ए, ओ, ऐ, औ, अं र अः १५ वटा स्वरवर्णहरू पढिएको पाइन्छ भने क-देखि ह-सम्मका ३३ वटा व्यञ्जनवर्णहरू समावेश गरिएको देखिन्छ। हामीले नेपाली वर्णमालामा जुन क्ष, त्र र ज्ञ तीन वर्ण पढ्दै आएका छौँ ती वर्णहरू क्रमशः क्+ष, त्+र एवं ज्+ञ दुई दुई वर्णको संयोजनबाट बनेकाले संयुक्त वर्ण हुन्, जसलाई संस्कृत भाषाको वर्णमालामा पृथक् वर्णका रूपमा पढिएको भेटिँदैन। पाणिनीय वर्णसमाम्नायमा अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ र औ ९ वटा स्वरवर्ण मात्रै पढिएको भए पनि अ, इ, उ र ऋ चार वर्णबाट दीर्घ स्वरको समेत बोध हुने तथा अनुस्वार, विसर्ग जस्ता अयोगवाह वर्णको उपदेश स्वरवर्णको अन्तमा समेत गरिएको हुँदा अं र अः समेत गरेर वर्णमालामा जस्तै वर्णसमाम्नायमा पनि १५ वटा वर्णको बोध गर्न सकिन्छ। अनुस्वार र विसर्गलाई बुझाउन वर्णमालामा अं र अः पढिएको भए पनि कृष्णः, रामाः, हरिः, गौरी, गुरुः, वधूः, मातॄः, कवेः, गुरोः, देवैः, गौः आदि प्रयोगमा अ, आ, इ, ई, उ, ऊ, ॠ, ए, ओ, ऐ र औ स्वरवर्णपछि विसर्गको उपस्थिति देखिन्छ भने ऋ, ॠ, लृ, ए, ओ, ऐ र औ स्वरवर्णपछि अनुस्वारको तथा ह्रस्व ऋकारपछि विसर्गको उपस्थिति भेट्न सकिएको छैन। पाणिनीय व्याकरणमा वर्णसमाम्नायका क्रमले मात्रै नभएर वर्णमाला र वर्णमातृकाका क्रमले समेत वर्णहरूको चर्चा गरिएको पाइन्छ। उदाहरणका रूपमा "अणुदित्सवर्णस्य चाप्रत्ययः" (पा./पाणिनि, अ./अष्टाध्यायी १।१।६९) सूत्रका आधारमा क, च, ट, त र प-मध्ये कु, चु, टु, तु र पु-का रूपमा जुन वर्णदेखि उदित् गरिएको हुन्छ त्यस वर्णदेखि वर्गका (कुबाट क, ख, ग, घ, ङ आदि) पाँचवटै वर्णको बोध गरिन्छ। पाणिनीय व्याकरणमा कु, चु, टु, तु र पु शब्दको प्रयोग क्रमशः ८, ४, ३, ३ र २ वटा सूत्रमा गरिएको पाइन्छ। स्थूल रूपमा हेर्दा पाणिनीय वर्णसमाम्नाय र वर्णमालामा पार्थक्य जस्तो देखिए पनि सूक्ष्म रूपमा विचार गर्दा वर्णसमाम्नाय र वर्णमाला दुवैका बीचमा समानता नै रहेको पाइन्छ।

### *पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारहरू*

पाणिनीय व्याकरणमा प्रयोग गरिएका प्रत्याहारहरू मुख्यतः वर्णात्मक र प्रत्ययात्मक गरी दुई प्रकारका छन् तापनि पाणिनीय व्याकरणमा प्रयुक्त समग्र प्रत्याहारहरूलाई प्रत्याहारसूत्रसँग सम्बद्ध वर्णात्मक प्रत्याहार, प्रत्याहारसूत्रसँग असम्बद्ध प्रत्ययात्मक प्रत्याहार र पतञ्जलिद्वारा परिकल्पित प्रत्ययात्मक प्रत्याहार गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ।

### *पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारसूत्रसँग सम्बद्ध वर्णात्मक प्रत्याहारहरू*

पाणिनीय व्याकरणमा प्रौढमनोरमा ग्रन्थको शब्दरत्न टीकाका टीकाकार हरि दीक्षित (जोशी, १९९२, पृ. २६) का अनुसार ङ, ञ, ण, व र ट पाँच वर्णको अनुबन्धद्वारा क्रमशः एङ्, यञ्, अण्, छव् र अट् एक एकवटा गरी पाँचवटा प्रत्याहार, मूर्धन्य षकारको अनुबन्धद्वारा क्रमशः झष् र भष् दुई प्रत्याहार, क, ण र म तीन वर्णको अनुबन्धद्वारा क्रमशः अक्, इक् र उक्, अण्, इण् र यण्, अम्, यम् र ङम् तीन तीनवटा गरी ९ वटा प्रत्याहार, चकारको अनुबन्धद्वारा अच्, इच्, एच् र ऐच् चारवटा प्रत्याहार, यकारको अनुबन्धद्वारा यय्, मय्, झय् र खय् चारवटा प्रत्याहार, रेफको अनुबन्धद्वारा यर्, झर्, खर्, चर् र शर् पाँचवटा प्रत्याहार, शकारको अनुबन्धद्वारा अश्, हश्, वश्, झश्, जश् र वश् छवटा तथा लकारको अनुबन्धद्वारा अल्, हल्, वल्, रल्,

झल् र शल् छवटा गरी प्रत्याहारसूत्रसँग सम्बद्ध ४१ वटा वर्णात्मक प्रत्याहारहरू पढिएको पाइन्छ । पाणिनिभन्दा पूर्ववर्ती आचार्य पौष्करसादिले प्रयोग गरेको प्रत्याहारसूत्रसँग सम्बद्ध चय् प्रत्याहारको उपयोग पनि पाणिनीय व्याकरण (कात्यायन ८।४।४८।३) मा भएको छ । वैयाकरणसिद्धान्तकौमुदीका टीकाकार वासुदेव दीक्षित (शर्मा, १९८६, पृ. १२) ले मकारको अनुबन्धद्वारा ञम् तथा महाभाष्यका टीकाकार कैयटले र-प्रत्याहारको चर्चा गरे पनि नागेश भट्टले त्यसको खण्डन गरेकाले पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारसूत्रसँग सम्बद्ध जम्मा ४२ वटा वर्णात्मक प्रत्याहारहरू मात्र रहेको पाइन्छ ।

उपर्युक्त ४२ वटा प्रत्याहारहरूलाई स्वरवर्ण र व्यञ्जनवर्णका आधारमा मुख्यतः स्वरात्मक वा अच् प्रत्याहार, व्यञ्जनात्मक वा हल् प्रत्याहार र स्वरव्यञ्जनात्मक वा अज्झलात्मक प्रत्याहार गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । तदनुसार स्वरात्मक वा अच् प्रत्याहारअन्तर्गत अण्, अक्, अच्, इक्, इच्, उक्, एङ्, एच् र ऐच् गरी ९ वटा प्रत्याहार पर्दछन् । त्यसैगरी व्यञ्जनात्मक वा हल् प्रत्याहारअन्तर्गत हश्, हल्, यण्, यम्, यञ्, यर्, यय्, वश्, वल्, रल्, मय्, ङम्, झष्, झश्, झय्, झर्, झल्, भष्, जश्, बश्, खय्, खर्, छव्, चय्, चर्, शर् र शल् गरी २७ वटा प्रत्याहारहरू समावेश भएका देखिन्छन् । त्यस्तै स्वरव्यञ्जनात्मक वा अज्झलात्मक प्रत्याहारअन्तर्गत अट्, अण्, अम्, अश्, अल् र इण् गरी ६ वटा प्रत्याहार पर्दछन् । यीमध्ये अण् प्रत्याहार दुईवटा रहेकाले र प्रत्याहारसूत्रमा णकारको मात्र दुईपटक अनुबन्ध गरिएकाले कुन णकारसम्म कुन अण् प्रत्याहार मान्ने अनि कुन णकारसम्म इण् प्रत्याहार ठान्ने भन्ने बारेमा पाणिनीय व्याकरणका अध्येताहरूमा आशङ्का पर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी भाष्यकार पतञ्जलिले लण् प्रत्याहारसूत्रको भाष्यमा "अणुदित्सवर्णे परिहाय पूर्वेणाण्ग्रहणम्, परेणेण्ग्रहणम् इति व्याख्यास्यामः" (शास्त्री, २००४, पृ. १४५) उल्लेख गरिएकाले र उपदेशको परम्पराका रूपमा "परेणैवेण्ग्रहाः सर्वे पूर्वेणैवाण्ग्रहाः मताः, ऋतेऽणुदित्सवर्णस्येत्येदेकं परेण तु" (पूर्ववत्) कारिका सुप्रसिद्ध रहेकाले दुईवटा अण् प्रत्याहारमध्ये "अणुदित्सवर्णस्य चाप्रत्ययः" (पा., अ. १।१।६९) सूत्रमा ग्रहण गरिएको अण् प्रत्याहार पश्चवर्ती अर्थात् "लण्" सूत्रको णकारसम्म एवं "अणुदित्सवर्णस्य चाप्रत्ययः" (पा., अ. १।१।६९) सूत्रबाहेक अन्य सूत्रहरूमा ग्रहण गरिएको अण् प्रत्याहार पूर्ववर्ती अर्थात् "अइउण्" सूत्रको णकारसम्म र इण् प्रत्याहारको ग्रहण पूर्ववर्ती णकारसम्म नभएर पश्चवर्ती णकारसम्म ग्रहण गरिन्छ भनेर उपर्युक्त आशङ्कालाई निवारण गरिएको पाइन्छ । उपर्युक्त ४१ वटा प्रत्ययहरू सूत्रकार पाणिनिले आफ्ना विभिन्न सूत्रहरूमा प्रयोग गरेका छन् भने ४२औँ प्रत्याहारका रूपमा चय् प्रत्याहारको प्रयोग वार्तिककार कात्यायनले "चयो द्वितीया शरि पौष्करसादेरिति वाच्यम्" (महाभाष्य ८।४।४८।३) वार्तिकमा गरेका छन् ।

पाणिनीय व्याकरणमा मुख्यतः सूत्रहरूको र अंशतः वार्तिकहरूको निर्माणमा प्रत्याहारसूत्रसँग सम्बद्ध उपर्युक्त ४२ वटा वर्णात्मक प्रत्याहारहरूको विशेष योगदान रहेको छ । इको यणचि (पा., अ. ६।१।७७), झलां जश् झशि (पा., अ. ८।४।५३) जस्ता कतिपय पाणिनीय सूत्रहरू त पूर्णतः प्रत्याहारमा मात्र आश्रित छन् । पाणिनीय व्याकरणका सूत्रहरूमा पढिएका र पूर्ववर्ती सूत्रबाट उत्तरवर्ती सूत्रमा वर्णात्मक ४१ वटा प्रत्याहारहरूको अनुवर्तन भएका सूत्रहरूको सङ्ख्यात्मक विवरण निम्नानुसार छ :

| *क्र.सं.* | *प्रत्याहार* | *प्रयुक्त सूत्रसङ्ख्या* | *अनुवर्तित सूत्रसङ्ख्या* | *क्र.सं.* | *प्रत्याहार* | *प्रयुक्त सूत्रसङ्ख्या* | *अनुवर्तित सूत्रसङ्ख्या* |
|---|---|---|---|---|---|---|---|
| (१) | अण् | ४ | १ | (२) | अक् | ४ | ३ |
| (३) | अच् | ८९ | ६८ | (४) | इक् | १६ | ६ |
| (५) | इच् | ५ | २ | (६) | उक् | ४ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (७) | एङ् | ५ | १ | (८) | एच् | ६ | ३ |
| (९) | ऐच् | ३ | - | (१०) | हश् | १ | - |
| (११) | हल् | ४० | १५ | (१२) | यण् | ८ | ६ |
| (१३) | यम् | १ | - | (१४) | यञ् | १ | १ |
| (१५) | यर् | १ | २ | (१६) | यय् | १ | १ |
| (१७) | वश् | १ | - | (१८) | वल् | २ | १ |
| (१९) | रल् | १ | - | (२०) | मय् | १ | - |
| (२१) | ङम् | १ | - | (२२) | झष् | २ | - |
| (२३) | झश् | १ | - | (२४) | झय् | ३ | २ |
| (२५) | झर् | १ | - | (२६) | झल् | १५ | २४ |
| (२७) | भष् | १ | १ | (२८) | जश् | २ | - |
| (२९) | बश् | १ | १ | (३०) | खय् | २ | - |
| (३१) | खर् | २ | २ | (३२) | छव् | १ | - |
| (३३) | चर् | २ | २ | (३४) | शर् | ६ | - |
| (३५) | शल् | १ | - | (३६) | अट् | ४ | - |
| (३७) | अण् | १ | - | (३८) | अम् | १ | १ |
| (३९) | अश् | १ | ३ | (४०) | अल् | ५ | २ |
| (४१) | इण् | ३ | १ | जम्मा : | २५० | १५० | |

प्रत्याहारसूत्रसँग सम्बद्ध उपर्युक्त ४१ वटा प्रत्याहारहरूको पाणिनीय व्याकरणका २५० वटा सूत्रहरूमा प्रत्यक्ष रूपमा प्रयोग गरिएको छ भने अण् (पूर्ववर्ती), अक्, अच्, इक्, इच्, उक्, एङ्, एच्, हल्, यण्, यञ्, यर्, यय्, वल्, झष्, झय्, झल्, भष्, बश्, खर्, चर्, अम्, अश्, अल् र इण् गरी २५ वटा प्रत्याहारहरूको उत्तरवर्ती १५० वटा सूत्रमा अनुवर्तन भएको छ। तीमध्ये एकएकवटा पाणिनीय सूत्रमा एकएकवटा वर्णात्मक प्रत्याहारको मात्र प्रत्यक्ष रूपमा प्रयोग हुने प्रत्याहारहरूको सङ्ख्या १८ रहेको छ भने २, ३, ४, ५, ६, ८, १५, १६, ४० र ८९ वटा सूत्रमा प्रत्यक्ष रूपमा प्रयोग हुने प्रत्याहारहरूको सङ्ख्या क्रमशः ६, ३, ४, २, २, १, १, १, १ र १ रहेको देखिन्छ। अनुवर्तित उपर्युक्त २५ वटा प्रत्याहारहरूमध्ये “खरवसानयोर्विसर्जनीयः” (पा.,अ. ८।३।१५) सूत्रमा प्रयुक्त खर् प्रत्याहारको मण्डूकप्लुतिन्यायद्वारा १८ वटा सूत्रपछि “विसर्जनीयस्य सः” (पा.,अ. ८।३।३४) र “शर्परे विसर्जनीयः” (पा.,अ. ८।३।३५) दुई सूत्रमा अनुवर्तन भएको देखिन्छ । यस किसिमको मण्डूकप्लुतिन्यायद्वारा पाणिनीय व्याकरणमा अन्य प्रत्याहारहरूको अनुवर्तन भएको भेट्न सकिएको छैन। त्यसैगरी उपर्युक्त ऐच्, हश्, यम्, वश्, रल्, मय्, ङम्, झश्, झर्, जश्, खय्, छव्, शर्, शल्, अट् र अण् (उत्तरवर्ती) गरी १६ वटा प्रत्याहारहरूको उत्तरवर्ती कुनै पनि सूत्रमा अनुवर्तन भएको देखिँदैन। वर्णात्मक प्रत्याहारको पाणिनीय व्याकरणका सूत्रमा प्रत्यक्ष प्रयोगका दृष्टिले अच् प्रत्याहारको प्रयोग र अनुवर्तन सबैभन्दा बढ्ता भएको पाइन्छ भने त्यसपछि हल् प्रत्याहार र झल् प्रत्याहारको प्रयोग र अनुवर्तन बढी भएको छ। अष्टाध्यायीको अध्यायगत दृष्टिले छैटौँ अध्यायका सूत्रमा प्रत्याहारको प्रयोग बढ्ता र दोस्रो अध्यायका सूत्रमा प्रत्याहारको प्रयोग अत्यन्त न्यून रहेको देखिन्छ। यसप्रकार पाणिनीय व्याकरणका ४०० वटा सूत्रहरूमा प्रत्यक्ष रूपमा र अनुवर्तित रूपमा प्रत्याहारसूत्रसँग सम्बद्ध उपर्युक्त ४१ वटा वर्णात्मक प्रत्याहारहरूको प्रयोग भएको पाइन्छ।

### *पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारसूत्रसँग असम्बद्ध प्रत्ययात्मक प्रत्याहारहरू*

पाणिनीय व्याकरणमा प्रत्याहारसूत्रसँग असम्बद्ध सुप्, सुट्, आप्, तिङ्, तङ्, उम्, कृञ्, तृन्, मात्र्, सङ् र यङ् ११ वटा प्रत्याहारहरूको प्रयोग गरिएको छ। तीमध्ये उत्तरवर्ती उम्, कृञ्, तृन्, मात्र्, सङ् र यङ् ६ वटा प्रत्याहारहरू भाष्यकार पतञ्जलिद्वारा परिकल्पित प्रत्याहार मानिन्छन्। पाणिनीय व्याकरणमा सु-देखि सुप्-सम्मका २१ वटा सुप् प्रत्ययलाई बुझाउन सुप् प्रत्याहार (पा.,अ. ४।१।१४, पा.,अ. ४।१।१०३...) को प्रयोग गरिएको छ भने सु, औ, जस्, अम् र औट् पाँचवटा सुप् प्रत्ययलाई बुझाउन सुट् प्रत्याहार (पा.,अ. १।१।४२) को उपयोग गरिएको छ। त्यसैगरी वैयाकरणसिद्धान्तकौमुदीको "अनाप्यकः" (पा.,अ. ७।२।११२) सूत्रमा "आप् इति टा इत्यारभ्य सुपः पकारेण प्रत्याहारः" (शर्मा, १९८६, पृ. ३५६) उल्लेख गरिएकाले टा प्रत्ययदेखि सुप् प्रत्ययको पकारसम्मका १५ वटा प्रत्ययलाई बुझाउन सुप् प्रत्याहारको प्रयोग गरिएको छ। त्यस्तै तिप् प्रत्ययको ति-देखि महिङ् प्रत्ययको ङकारसम्मका १८ वटा प्रत्ययलाई बुझाउन तिङ् प्रत्याहार (पा.,अ. १।४।१४, पा.,अ. १।४।१०१...) को उपयोग पनि पाणिनीय व्याकरणमा भएको पाइन्छ भने तिङ् प्रत्याहारअन्तर्गतकै त प्रत्ययदेखि महिङ् प्रत्ययको ङकारलई समेटेर तङ् प्रत्याहार (पा.,अ. १।६।१००) को प्रयोग गरिएको छ, जसमा आत्मनेपदी ९ वटा प्रत्यय पर्दछन्।

पाणिनीय व्याकरणमा प्रयुक्त प्रत्याहारसूत्रसँग असम्बद्ध उपर्युक्त पाँचवटा प्रत्ययात्मक प्रत्याहारहरूमध्ये सुप्, सुट्, आप्, तिङ् र तङ् प्रत्याहारहरूको पाणिनीय व्याकरणका क्रमशः २१, १, १, १२ र १ सूत्रमा गरी ३६ वटा सूत्रमा प्रत्यक्ष रूपमा प्रयोग गरिएको छ। त्यसैगरी प्रत्यक्ष रूपमा प्रयोग गरिएका सुप् र तिङ् प्रत्याहारको क्रमशः उत्तरवर्ती ७ र ४ वटा गरी ११ सूत्रमा अनुवर्तन भएको पाइन्छ भने अन्य सुट्, आप् र तङ् तीनवटा प्रत्याहारहरूको उत्तरवर्ती कुनै पनि सूत्रमा अनुवर्तन भएको देखिँदैन।

यसप्रकार पाणिनीय व्याकरणका प्रत्याहारसूत्रसँग असम्बद्ध उपर्युक्त ११ वटा प्रत्याहारहरूमध्ये सुप्, सुट् र आप् तीन प्रत्याहार सुप् प्रत्ययसँग तथा तिङ् र तङ् दुई प्रत्याहार तिङ् प्रत्ययसँग सम्बद्ध रहेका छन्। त्यसैले यी पाँचवटै प्रत्याहारलाई प्रत्ययात्मक प्रत्याहार भनेर चिन्न सकिन्छ।

### *पाणिनीय व्याकरणमा प्रयुक्त पतञ्जलिद्वारा परिकल्पित प्रत्ययात्मक प्रत्याहारहरू*

पाणिनीय व्याकरणका प्रत्याहारसूत्रसँग असम्बद्ध ११ वटा प्रत्याहारहरूमध्ये उत्तरवर्ती उम्, कृञ्, तृन्, मात्रच्, सङ् र यङ् ६ वटा प्रत्ययात्मक प्रत्याहारहरू मूलतः व्याकरणमहाभाष्यमा उपयोग गरिएकाले यिनलाई पतञ्जलिद्वारा परिकल्पित प्रत्ययात्मक प्रत्याहार मान्न सकिन्छ। व्याकरणमहाभाष्यमा यिनको अस्तित्व निम्नानुसार स्वीकार गरिएको छ :

**उम् प्रत्याहार :** "स्थानिवदादेशोऽनल्विधौ (पा.,अ. १।१।५६) सूत्रको भाष्यमा "अनुम इति नेदमागमग्रहणम्, किं तर्हि ? प्रत्याहारग्रहणम्, क्व सन्निविष्टानां प्रत्याहारः ? उकारात्प्रभृत्यां नुमो मकारात्" (शास्त्री, २००४, पृ. ४६२) उल्लेख गरिएका कारण "तनादिकृञ्भ्य उः" (पा.,अ. ३।१।७९) सूत्रको उ-देखि "इदितो नुम् धातोः" (पा.,अ. ७।१।५८) सूत्रका नुम्को मकारसम्मका प्रत्ययहरूलाई आधार मानेर पाणिनीय व्याकरणमा उम् प्रत्याहारको अस्तित्व स्वीकार गरिएको छ। पाणिनीय व्याकरणमा यति धेरै विस्तृत अन्य कुनै पनि प्रत्याहार देखिँदैन।

**कृञ् प्रत्याहार :** "कृञ्चानुप्रयुज्यते लिटि" (पा., अ. ३।१।४०) सूत्रको भाष्यमा "कृञिति नेदं धातुग्रहणम्, किं तर्हि ? प्रत्याहारग्रहणम्, क्व सन्निविष्टानां प्रत्याहारः ? कृभ्वस्तियोगे इत्यतः प्रभृत्याकृञो ञकारात् (शर्मा र शास्त्री, २०००, पृ. ८८)

उल्लेख गरिएकाले ''कृभ्वस्तियोगे सम्पद्यमाने कर्तरि च्विः'' (पा., अ. ५।४।५०) सूत्रको कृदेखि ''कृञो द्वितीयतृतीयशम्बबीजात् कृषौ'' (पा., अ. ५।४।५८) सूत्रको ञकारलाई अधार मानेर कृञ् प्रत्याहारको परिकल्पना गरिएको छ।

**तृन् प्रत्याहार :** ''न लोकाव्ययनिष्ठाखलथृतृनाम्'' (पा.,अ. २।३।६९) सूत्रको भाष्यमा ''तृन्निति नेदं प्रत्याहारग्रहणम्, किं तर्हि ? प्रत्याहारग्रहणम्, क्व सन्निविष्टानां प्रत्याहारः ? 'लटश्शतृ--' इत्यतः प्रभृत्यातृनो नकारात्'' (शर्मा, २००७, पृ. ५३०) उल्लेख गरिएका कारण ''लटः शतृशानचावप्रथमा समानाधिकरणे'' (पा.,अ. ३।२।१२४) सूत्रको शतृ प्रत्ययको तृदेखि ''तृन्'' (पा., अ. ३।२।१३५) सूत्रको नकारलाई आधार मानेर तृन् प्रत्याहारको अस्तित्व स्वीकार गरी यसअन्तर्गत शतृ, शानच्, शानन्, चानश् र तृन् पाँचवटा प्रत्ययलाई ग्रहण गरिएको छ।

**मात्रच् प्रत्याहार :** ''स्थानिवदादेशोऽनल्विधौ'' (पा., अ. १।१।५६) सूत्रको भाष्यमा नै ''मात्रजिति नेदं प्रत्ययग्रहणम्, किं तर्हि ? प्रत्याहारग्रहणम्, क्व सन्निविष्टानां प्रत्याहारः ? मात्रशब्दात्प्रभृति आ अयचश्चकारात्'' (शास्त्री, २००४, पृ. ४५६) उल्लेख गरिएको हुँदा ''प्रमाणे द्वयसज्दघ्नञ्मात्रचः'' (पा., अ. ५।२।३७) सूत्रको मात्रदेखि ''द्वित्रिभ्यां तयस्यायज्वा'' (पा., अ. ५।२।४३) सूत्रको अयच् प्रत्ययको चकारलाई आधार मानेर मात्रच् प्रत्याहारको अस्तित्व स्वीकार गरी यसअन्तर्गत मात्रच्, अण्, वतुप्, डति, तयप् र अयच् ६ वटा प्रत्ययलाई समावेश गरिएको छ।

**सङ् प्रत्याहार :** ''सृजिदृशोर्झल्यमकिति'' (पा., अ. ६।१।५८) सूत्रअन्तर्गतको ''अमि सङ् ग्रहणम्'' (कात्यायन, महाभाष्य ६।१।५८।१) वार्तिकको भाष्यमा ''अमि सङ्ग्रहणं कर्तव्यम्, किमिदं सङिति ? प्रत्याहारग्रहणम्, क्व सन्निविष्टानां प्रत्याहारः ? सनः प्रभृति आमहिङो ङकारात्'' (शास्त्री, १९९१, पृ. ५९) उल्लेख गरिएका कारण ''गुप्तिज्किद्भ्यः सन्'' (पा.,अ. ३।१।५) सूत्रका सन् प्रत्ययको स-देखि ''तिप्तस्झि--'' (पा., अ. ३।४।७८) सूत्रको महिङ् प्रत्ययका ङकारसम्म विधान गरिएका सन्, क्यच्, क्यङ्, क्यष् आदि प्रत्ययहरूलाई आधार बनाएर सङ् प्रत्याहारको परिकल्पना गरिएको छ।

**यङ् प्रत्याहार :** ''व्यत्ययो बहुलम्'' (पा., अ. ३।१।८५) सूत्रको भाष्यमा ''सुप्तिङुपग्रहलिङ्गनराणां कालहलच्स्वरकर्तृयङां च, व्यत्ययमिच्छति शास्त्रकृदेषां सोऽपि च सिद्ध्यति बाहुलकेन'' (शर्मा, २०००, पृ. ११५) भाष्यवार्तिक पढिएको छ। त्यसको व्याख्या गर्दै वैयाकरणसिद्धान्तकौमुदीमा ''यङो यशब्दादारभ्य 'लिङ्याशिष्यङ्' (३४३४) इति ङकारेण प्रत्याहारः, तेषां व्यत्ययो भेदतीत्यादिरुक्त एव (शर्मा, १९५१, पृ. ३४५) उल्लेख गरिएको छ। तदनुसार यङ् प्रत्याहार भन्नाले ''सार्वधातुके यक्'' (पा., अ. ३।१।६७) सूत्रले विधान गर्ने यक् प्रत्ययदेखि '''लिङ्याशिष्यङ्'' (पा., अ. ३।१।८६) सूत्रले विधान गर्ने अङ् प्रत्ययसम्मका यक्, शप्, श्यन्, श्नु, श, श्नम्, उ, श्ना, शायच् र अङ् गरी १० वटा प्रत्ययलाई बुझिन्छ। उपर्युक्त यक् प्रत्ययको यकारदेखि अङ् प्रत्ययको ङकारलाई आधार बनाएर यङ् प्रत्याहारको निर्माण गरी यी प्रत्ययलाई यङ् भन्ने गरिएको हो (ढकाल, २०८०, पृ. ४६)।

यसप्रकार पाणिनीय प्रत्याहारसूत्रसँग सम्बद्ध नरहेका उपर्युक्त उम्, कृञ्, तृन् र मात्रच् चारवटा प्रत्याहार तीनवटा पाणिनीय सूत्रहरूको भाष्यव्याख्यानमा तथा पछिल्ला सङ् र यङ् दुईवटा प्रत्याहार वार्तिकको भाष्यव्याख्यानमा आधारित रहेका देखिन्छन्। यी छवटै प्रत्याहार पनि वर्णात्मक नभई प्रत्ययात्मक प्रत्याहार हुन्।

## निष्कर्ष

लघ्वर्थ वा सङ्क्षेपीकरण पनि व्याकरण अध्ययन गर्नुको मुख्य प्रयोजन मानिएकाले वर्ण वा प्रत्ययको समूहलाई सङ्क्षेपीकरण गर्ने प्रत्याहारशैलीको उपयोग गर्नु पाणिनीय व्याकरणको मुख्य वैशिष्ट्य मानिन्छ । पूर्ववर्ती पौष्करसादि, शान्तनव र आपिशलिका व्याकरणमा चय्, शर्, अष्, इक्, खय्, हय् र भष् वर्णात्मक प्रत्याहारहरूको तथा 'ञमङणनम्' प्रत्याहारसूत्रको प्रयोग भएको पाइए पनि पाणिनीय व्याकरणमा १४ वटा प्रत्याहारसूत्रको व्यवस्थित अध्ययन गरिकाले तिनै प्रत्याहारसूत्रका आधारमा अण् आदि ४२ वटा वर्णात्मक प्रत्याहारहरूको एउटा वार्तिकमा र ४०० सूत्रमा उपयोग गरिएको छ । वर्णात्मक प्रत्याहारको संरचनाकै प्रभावमा रचना गरिएका प्रत्याहारसूत्रसँग असम्बद्ध तर सुप् र तिङ् प्रत्ययसँग सम्बद्ध सुप्, सुट्, आप्, तिङ् र तङ् पाँचवटा प्रत्ययात्मक प्रत्याहारहरूको उपयोग ४७ वटा सूत्रमा भएको छ भने तीनवटा सूत्रको भाष्यव्याख्यानमा पतञ्जलिद्वारा परिकल्पित प्रत्याहारसूत्रसँग असम्बद्ध उम्, कृञ्, तृन् र मात्रच् चारवटा प्रत्ययात्मक प्रत्याहारहरूको तथा दुईवटा वार्तिकको भाष्यव्याख्यानमा पतञ्जलिद्वारा नै परिकल्पित सङ् र यङ् दुईवटा प्रत्ययात्मक प्रत्याहारहरूको व्याकरणमहाभाष्यमा बाहेक अन्यत्र चर्चा परिचर्चा भएको देखिँदैन ।

## सन्दर्भ सामग्रीसूची


गौतम, कुलचन्द्र (सम्पा.) (२०६९). *संस्कृत नेपाली शब्दकोश*. विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, मतिप्रसाद (व्या.) (२०८०). *स्वरवैदिकी प्रक्रिया*. आगम ढकाल ।

जोशी, सदाशिव शास्त्री (सम्पा.) (१९९२). *प्रौढमनोरमा* (भाग १) (भट्टोजि दीक्षित विरचित). चौखम्बा संस्कृत सिरिज आफिस ।

पाण्डेय, गोपालदत्त (सम्पा.) (२०१८). *अष्टाध्यायी* (पाणिनि विरचित). चौखम्बा सुरभारती प्रकाशन ।

मीमांसक, युधिष्ठिर (२०५१). *संस्कृत व्याकरणशास्त्र का इतिहास* (प्रथम भाग). रामलाल कपूर ट्रस्ट ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा.) (१९५१). *वैयाकरणसिद्धान्तकौमुदी* (चतुर्थो भागः). मोतीलाल बनारसीदास ।

शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द (सम्पा.) (१९८६). *वैयाकरणसिद्धान्तकौमुदी* (प्रथमो भागः). मोतीलाल बनारसीदास ।

शर्मा, बालकृष्ण (सम्पा.) (२०५०). *पाणिनीय शिक्षा*. श्रीनिवासरथ ।

शर्मा, शिवदत्त र शास्त्री, रघुनाथ (सम्पा.) (२०००). *व्याकरणमहाभाष्यम्* (तृतीयखण्ड:). चौखम्बा संस्कृत प्रतिष्ठान ।

शर्मा, शिवदत्त (सम्पा.) (२००७). *व्याकरणमहाभाष्यम्* (द्वितीयखण्ड:). चौखम्बा संस्कृत प्रतिष्ठान ।

शास्त्री, भार्गव (सम्पा.) (१९९१). *व्याकरणमहाभाष्यम्* (पञ्चमखण्ड:). चौखम्बा संस्कृत प्रतिष्ठान ।

शास्त्री, भार्गव (सम्पा.) (२००४). *व्याकरणमहाभाष्यम्* (प्रथमखण्ड:). चौखम्बा संस्कृत प्रतिष्ठान ।